# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कटारी, उदयपुर
## कोशी प्रदेश, नेपाल

**विज्ञापन कर ठेक्का व्यवस्थापनका लागि भएको सार्वजनिक दरभाउपत्र आह्वानको सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८३/०४/२९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ र कोशी प्रदेश आर्थिक ऐन, २०८३ को दफा १०(१) बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र आ.व. २०८३/०८४ का लागि विज्ञापन कर कटारी नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा ६ को अनुसूची-६ मा उल्लेखित दरका आधारमा कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र; आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नपरेको स्वःघोषणा पत्रको प्रतिलिपिहरु सहित रितपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।यो सूचना यस कार्यालयको www.kataarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

**दरभाउपत्र सम्बन्धी शर्तहरु :**

- सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयमा राजश्व शाखाबाट निशुल्क दरभाउपत्र उपलब्ध गराईनेछ । उक्त दिन विदा भएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा दरभाउपत्र दिन सकिनेछ ।
- सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२:०० बजेसम्म राजश्व शाखामा दरभाउपत्र पेश गर्नु पर्नेछ । उक्त दिन विदा भएमा सोको भोलि पल्ट सो दिन पनि कार्यालय बन्द भए सो पछिको कार्यालय खुलेको पहिलो दिन सोही समयमा दरभाउपत्र फाराम पेश गर्नु पर्नेछ । दरभाउपत्रदाता वा प्रतिनिधिको उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कवोल अंकको ५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०१००३०३००००००२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानी पत्र ( BID BOND ) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरी दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ । नगदलाई मान्यता दिईने छैन ।
- विज्ञापन करको ठेक्का अवधि २०८४ आषाढ मसान्तसम्म हुनेछ ।
- शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कवोल रकम एकमुष्ट कटारी शाखाको आन्तरिक राजश्व शाखा खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेपछि मात्र सम्झौता गरी नियमअनुसार चलान पुर्जी

दिईनेछ । व्यवसायीले ठेक्का स्वीकृत भएपछि कवोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

- ❖ दरभाउपत्र सिलबन्दी लाहाछाँप संख्या खुलाई कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयमा पेश गर्नु पर्नेछ ।
- ❖ न्युनतम ठेक्का रकम तपशिल बमोजिम निर्धारण गरिएको छ ।

| सि. नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम कवोल अंक (कर बाहेक) | न्यूनतम कवोल अंक (कर सहित) |
|---|---|---|---|---|
| १. | Kmun/IR/SQ/15/2083/084 | विज्ञापन कर | ३,००,०००।- | ३,३९,०००।- |

- ❖ करका दरहरु कटारी नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा ६ को अनुसूची ६ मा उल्लेख भए बमोजिम हुनेछ ।
- ❖ नियमअनुसार कबोल गरेको ठेक्का रकममा लाग्ने मु.अ.क., अग्रिम आयकर र न.पा. कर ठेकेदार स्यंमले बेहोर्नु पर्नेछ ।
- ❖ दरभाउपत्र शिलबन्दी लाहाछाप गरी लाहाछाप संख्या खुलाई कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ ।
- ❖ दरभाउपत्रमा ठेक्का रकम उल्लेख गर्दा अङ्कमा र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्कमा र अक्षरमा फरक परेमा अंक र अक्षर मध्ये जुनमा बढी उल्लेख भएको छ सोहीलाई मान्यता दिईनेछ ।
- ❖ ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित हुनेछ ।
- ❖ ठेक्का अवधिमा बन्द, हड्ताल आदि भएमा त्यस वापत कुनै छुट मिनाहा दावी गर्न पाईने छैन । तर राष्ट्रिय संकटकाल प्लेग हैजा, महामारी जस्ता कारणले नेपाल सरकार, प्रदेश सरकार वा कटारी नगरपालिका आवतजावतमा वा सवारी सञ्चालनमा रोक लगाएमा विपद् व्यवस्थापन समितिको सिफारिसमा कर छुटका लागि प्रदेश सरकारमा सिफारिस गर्न सकिनेछ ।
- ❖ कटारी नगरपालिकालाई कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बुझाउनु पर्ने कर ठेक्का रकम आदिको बेरुजु कायम भएको हकमा दरभाउपत्र फारम खरिद गर्न पाउने छैन ।
- ❖ कुन कुन आकार र प्रकारको विज्ञापन वापत कुन कुन व्यक्ति फर्म वा कम्पनीसँग कति रकम संकलन गरेको हो सोको विवरण प्रत्येक महिनाको ७ गतेभित्र कटारी नगरपालिकालाई अनिवार्य बुझाउनु पर्नेछ ।
- ❖ व्यवसायिक मर्यादा कायम गरेर मात्र कर संकलन गर्नुपर्नेछ ।
- ❖ यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत